सबैको हृदय जोड्ने पुल बनाऔं !

# नेपाल वाङ्मय फाउन्डेसन

## नयाँ बानेश्वर, काठमाडौं

(स्था. २०७९)

कम्पनी दर्ता नं : २९०२१७/७८/०७९
स्थायी लेखा नं : ६१०२७८८४८

कामपा–१०, दर्ता नं : ५८०
स. क. प. आबद्धता नं : ५३७७३

## दोस्रो वार्षिक साधारण सभा

### (आ. व. २०७९/०८०)

नेपालको बहुभाषिक वाङ्मयको समावेशी अनुसन्धानका साथै सामाजिक सेवा तथा मानव कल्याणसम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले संस्थापित मुनाफा वितरण नगर्ने कम्पनी नेपाल वाङ्मय फाउन्डेसन (Nepal Bangmaya Foundation) का विशिष्ट सल्लाहकार, पूर्व अर्थमन्त्री तथा साहित्यकार श्री शंकरप्रसाद कोइरालाको प्रमुख आतिथ्य तथा सञ्चालक समितिका अध्यक्ष डा. बाबुराम ढकाल (विप्लव) को सभापतित्वमा सम्पन्न भएको **दोस्रो वार्षिक साधारण सभामा** देहायका सञ्चालक तथा सदस्यहरूको उपस्थितिमा निम्नलिखित प्रस्तावहरूमा दफावार छलफल गरी निर्णय गरियो–

**मिति** : वि. सं. २०८० भाद्र १६ गते शनिवार
**समय** : बिहान ९ बजेदेखि
**स्थान** : ग्रिनलिफ क्याफे, पुतलीसडक, काठमाडौं

### उपस्थिति

**(सञ्चालक समिति तथा आजीवन सदस्यहरू)**

| क्रसं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | डा. बाबुराम ढकाल (विप्लव) | सञ्चालक/अध्यक्ष | |
| २ | डा. पद्मा अर्याल | सञ्चालक/महासचिव | |
| ३ | श्री रूपेशकुमार अर्याल | सञ्चालक/कोषाध्यक्ष | |
| ४ | श्री तारा चालिसे | सञ्चालक/सदस्य | |
| ५ | इ. किरण पौडेल | सञ्चालक/सदस्य (अनलाइन उपस्थिति) | प्रमाणित |
| ६ | श्री अनुराग शर्मा | आजीवन सदस्य | |
| ७ | श्री कुशल ढकाल | आजीवन सदस्य (अनलाइन उपस्थिति) | प्रमाणित |
| ८ | श्री गोमा खतिवडा ढकाल | आजीवन सदस्य (अनलाइन उपस्थिति) | प्रमाणित |
| ९ | श्री दुर्गादेवी अर्याल | आजीवन सदस्य | |
| १० | श्री पुष्पा न्यौपाने | आजीवन सदस्य | |
| ११ | श्री मोहन ढकाल | आजीवन सदस्य (अनलाइन उपस्थिति) | प्रमाणित |
| १२ | श्री राजेन्द्रकुमार अर्याल (राजु) | आजीवन सदस्य | |
| १३ | इ. विकल्प ढकाल | आजीवन सदस्य | |
| १४ | श्री शशी चालिसे | आजीवन सदस्य | |
| १५ | श्री शिवाश्री अर्याल | आजीवन सदस्य | |

२०८०/०५/१६

## विशेष उपस्थिति

प्रमुख अतिथि/विशिष्ट सल्लाहकार

| क्रसं | नाम | परिचय | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री शंकरप्रसाद कोइराला | नेपाल सरकारका माननीय पूर्व अर्थमन्त्री, वरिष्ठ साहित्यकार तथा समाजसेवी | |

विशिष्ट अतिथि/मानार्थ सदस्यहरू

| क्रसं | नाम | परिचय | हस्ताक्षर |
|---|---|---|---|
| २ | प्रा. डा. दयाराम श्रेष्ठ | त्रिवि नेपाली केन्द्रीय विभागका पूर्वप्रमुख, वरिष्ठ समालोचक | |
| ३ | डा. रामदयाल राकेश | वरिष्ठ समालोचक तथा अनुवादक | |

विशिष्ट अतिथि/संरक्षक

| क्रसं | नाम | परिचय | हस्ताक्षर |
|---|---|---|---|
| ४ | श्री तेन्जी शेर्पा | शेर्पा हाइड्रो कन्स्ट्रक्सन प्रा. लि. का अध्यक्ष, उद्यमी, व्यवसायी तथा समाजसेवी | |

उद्घोषक/व्यवस्थापकीय सल्लाहकार

| क्रसं | नाम | परिचय | हस्ताक्षर |
|---|---|---|---|
| ५ | श्री मुकुन्दराज शर्मा | लिटिल एन्जल्स स्कुलका प्रिन्सिपल, वरिष्ठ गीतकार तथा निबन्धकार | |

विशेष अतिथि/विषयविज्ञ सल्लाहकारहरू

| क्रसं | नाम | परिचय | हस्ताक्षर |
|---|---|---|---|
| ६ | श्री अमृत योञ्जन | भाषा आयोगका सदस्य, अनुसन्धाता, तामाङ वाङ्मयविज्ञ | |
| ७ | डा. कृष्णराज सर्वहारी | नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सभा सदस्य, अनुसन्धाता, थारू वाङ्मयविज्ञ | |
| ८ | श्री गोपाल अश्क | भाषा आयोगका सदस्य, अनुसन्धाता भोजपुरी वाङ्मयविज्ञ, | |
| ९ | प्रा. डा. गोविन्दमानसिंह कार्की | इतिहास विषयविज्ञ, अनुसन्धाता, इतिहास विभागीय प्रमुख, त्रिचन्द्र ब. क्याम्पस | |
| १० | श्री चतुर्भुज केवरत | केवरत वाङ्मयविज्ञ, अनुसन्धाता | |
| ११ | श्री धीरेन्द्र प्रेमर्षि | मैथिली वाङ्मयविज्ञ, वरिष्ठ कवि | |
| १२ | प्रा. डा. ध्रुवप्रसाद भट्टराई | लोकवाङ्मयविज्ञ, अनुसन्धाता, त्रिचन्द्र कलेज नेपाली स्नातकोत्तर शिक्षण कार्यक्रमका संयोजक | |
| १३ | श्री पदम वालाहाङ राई | वान्तावा वाङ्मयविज्ञ, अनुसन्धाता | |

| | | | |
|---|---|---|---|
| १४ | लोचावा पुण्यप्रसाद पराजुली | सम्भोट तथा बौद्ध वाङ्मयविज्ञ, लेखक, अनुवादक तथा अनुसन्धाता | |
| १५ | डा. प्रेमप्रसाद चौंलागाईं | संस्कृत वाङ्मयविज्ञ, भाषावैज्ञानिक तथा अनुसन्धाता | |
| १६ | श्री भगिराज इङ्नाम | लिम्बू वाङ्मय तथा अभिलेखविज्ञ, मदन पुरस्कार प्राप्त अनुसन्धाता | |
| १७ | श्री भोगीराज चाम्लिङ | चाम्लिङ वाङ्मयविज्ञ, अनुसन्धाता | |

विशेष अतिथि/प्रेस सल्लाहकार

| क्रसं | नाम | परिचय | हस्ताक्षर |
|---|---|---|---|
| १८ | श्री अखण्ड भण्डारी | वरिष्ठ पत्रकार, अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिकका प्रधान सम्पादक | |

विशेष अतिथि/कानुनी सल्लाहकार

| क्रसं | नाम | परिचय | हस्ताक्षर |
|---|---|---|---|
| १९ | श्री भूपाल ढकाल | अधिवक्ता तथा शाम्भवी लिगल सर्भिस प्रा. लि. का अध्यक्ष | |

विशेष अतिथि/विशिष्ट सदस्यहरू

| क्रसं | नाम | परिचय | हस्ताक्षर |
|---|---|---|---|
| २० | श्री अमर बान्तु | वरिष्ठ गीतकार, कवि, उद्यमी, व्यवसायी तथा समाजसेवी | |
| २१ | श्री धनबहादुर श्रेष्ठ | एफ ए ओ का वित्तीय अधिकृत तथा समाजसेवी | |
| २२ | श्री नरहाङ राई | वरिष्ठ शिक्षासेवी तथा समाजसेवी | |
| २३ | श्री प्रदीप निरौला | शिक्षक, अनुवादक, गीतकार तथा सङ्गीतकार | |
| २४ | श्री भक्तबहादुर श्रेष्ठ | सिद्धकाली अफसेट प्रेस प्रा. लि. का अध्यक्ष, उद्यमी तथा व्यवसायी | |
| २५ | श्री सजना श्रेष्ठ | समाजसेवी | |

आमन्त्रित महानुभावहरू

| क्रसं | नाम | परिचय | हस्ताक्षर |
|---|---|---|---|
| १. | केशरी अंगाई | शिक्षक, लेखक | |
| २. | हेमराज अधिकारी | शिक्षक, लेखक | |
| ३ | डा. रमेश शुभेच्छु | लेखक | |
| | | | |
| | | | |

सक्कल बमोजिम नक्कल प्रमाणित गरिन्छ [illegible] ९४८९३ २०८०/०२/१९

## साधारण सभाको वैधानिकता

यस 'नेपाल वाङ्मय फाउन्डेसन' (मुनाफा वितरण नगर्ने कम्पनी) को दोस्रो वार्षिक साधारण सभा गर्ने बारेको सूचना सम्पूर्ण सञ्चालक तथा आजीवन सदस्यहरूका साथै आमन्त्रित व्यक्तित्वका रूपमा मानार्थ सदस्य, सल्लाहकार सदस्य र विशिष्ट सदस्यहरूलाई पनि कम्पनी ऐन तथा कम्पनीको नियमावलीको नियम ५ बमोजिम दिइएको र कम्पनी ऐन तथा कम्पनीको नियमावलीको नियम १० बमोजिम गणपूरक सङ्ख्या पनि पुगेको हुँदा अध्यक्षबाट वैधानिक प्रक्रियाअनुरूप सभा शुभारम्भ भएको घोषणा गरियो ।

## छलफलका विषयहरू

(१) अध्यक्षको कार्यप्रगति प्रतिवेदन एवं आगामी नीति तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा,

(२) कोषाध्यक्षको आर्थिक प्रतिवेदन तथा आगामी वार्षिक बजेट पारित गर्ने सम्बन्धमा,

(३) सञ्चालक समितिले गरेका पूर्वनिर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा,

(४) आ. व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने सम्बन्धमा,

(५) आ. व. २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा,

(६) साधारण सभाको निर्णय-पुस्तिका प्रमाणित गर्ने सम्बन्धमा ।

## निर्णयहरू

१. **निर्णय नं. १ :** कम्पनी ऐनअनुसार सञ्चालक समितिले जिम्मेवारी प्रदान गरेबमोजिम अध्यक्षद्वारा तयार पारी सभामा प्रस्तुत गरिएको प्रतिवेदन, आ. व. २०७९/०८० को कार्यप्रगति विवरण एवं आगामी आ. व. २०८०/०८१ का नीति तथा कार्यक्रममाथि दफावार छलफल गरी सर्वसम्मत रूपमा पारित गरियो ।

२. **निर्णय नं. २ :** कोषाध्यक्षद्वारा तयार पारी सभामा प्रस्तुत गरिएको आ. व. २०७९/०८० को आर्थिक प्रतिवेदन तथा आगामी आ. व. २०८०/०८१ को अनुमानित वार्षिक बजेटमाथि गम्भीर छलफल गरी आवश्यक सुझावसहित पारित गरियो ।

३. **निर्णय नं. ३ :** 'नेपाल वाङ्मय फाउन्डेसन' को सञ्चालक समितिको बैठकले आ. व. २०७९/०८० मा गरेका निर्णय र कार्यक्रमहरूलाई सधन्यवाद अनुमोदन गरियो । साथै सञ्चालक समितिले तयार पारी लागु गरेका **नेपाल-वाङ्मय फाउन्डेसनको अक्षय-कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७९** तथा **नेपाल वाङ्मय फाउन्डेसनको वित्तीय विकास तथा व्यवस्थापन निर्देशिका २०८०** को अनुमोदन गरियो ।

४. **निर्णय नं. ४ :** यस कम्पनीको आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षणका लागि **श्री आर. पि. के एस. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स**को नियुक्तिलाई अनुमोदन गरियो र उक्त आर्थिक वर्षको आय-व्यय तथा आगामी दायित्वसहित **श्री आर. पि. के एस. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स**द्वारा तयार पारिएको लेखापरीक्षण प्रतिवेदनउपर छलफल गरी सर्वसम्मत रूपमा पारित गरियो ।

५. **निर्णय नं. ५ :** यस कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षणका लागि **श्री आर. पि. के एस. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स**लाई लेखापरीक्षकमा नियुक्त गर्ने र निजलाई उचित पारिश्रमिक प्रदान गर्ने निर्णय गरियो ।

६. **निर्णय नं. ६ :** यस साधारण सभाको माइन्युट लेखन तथा निर्णय-पुस्तिकाको प्रमाणीकरण सञ्चालक समितिका सम्पूर्ण सदस्यहरू तथा फाउन्डेसनका कानुनी सल्लाहकार अधिवक्ता भूपाल ढकाल (पेशागत प्रमाण पत्र नं. १४८६३) को संयुक्त हस्ताक्षरबाट गरिने निर्णय गरियो । दोस्रो वार्षिक साधारण सभामा प्रस्तुत वार्षिक कार्यप्रगति विवरण (आ. व. २०७९/०८०) छुट्टै पुस्तिका बनाई प्रमाणीकरण गरेर इलेक्ट्रोनिक कपी पनि तयार पारी कम्पनीको अभिलेखका रूपमा दर्ता गरी राख्ने र त्यसको प्रतिलिपि सम्बन्धित सदस्य तथा निकायहरूमा प्रस्तुत गर्ने निर्णय गरियो । अन्त्यमा 'नेपाल वाङ्मय फाउन्डेसन' (Nepal Bangmaya Foundation) को प्रबन्धपत्र, नियमावली, आचारसंहिता, कार्यविधि, निर्देशिका तथा नीति र कार्यक्रमप्रति समर्पित रहेर आगामी कार्यक्रमहरू गुणस्तरीय रूपमा सञ्चालन गर्ने सङ्कल्पसहित अध्यक्षद्वारा सभामा उपस्थित सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्दै साधारण सभाको समापन गरियो ।

**समाप्त**

CamScanner

सबैको हृदय जोड्ने पुल बनाऔं !

# नेपाल वाङ्मय फाउन्डेसन
## नयाँ बानेश्वर, काठमाडौं
(स्था. २०७९)

कम्पनी दर्ता नं. : २९०२१७/७८/०७९
स्थायी लेखा नं. : ६१०२७८८४८

कामपा–१०, दर्ता नं. : ५८०
स. क. प. आबद्धता नं. : ५३७७३

## दोस्रो वार्षिक साधारण सभाको कार्यक्रम तालिका

१. उद्घोषण : श्री मुकुन्दराज शर्मा (व्यवस्थापकीय सल्लाहकार)
२. आसनग्रहण :

- सभाध्यक्ष : डा. बाबुराम ढकाल (विप्लव) (अध्यक्ष)
- प्रमुख अतिथि : श्री शंकरप्रसाद कोइराला (विशिष्ट सल्लाहकार, पूर्व अर्थमन्त्री तथा साहित्यकार)
- विशिष्ट अतिथि : प्रा. डा. दयाराम श्रेष्ठ (मानार्थ सदस्य), डा. रामदयाल राकेश (मानार्थ सदस्य) तथा श्री तेन्जी शेर्पा (संरक्षक)
- विशेष अतिथि : विषयविज्ञ सल्लाहकार, प्रेस सल्लाहकार, कानुनी सल्लाहकार, विशिष्ट सदस्य तथा आमन्त्रित व्यक्तित्वहरू
- आजीवन सदस्य तथा कार्यसमितिका सदस्यज्यूहरू

३. सभाध्यक्षज्यूद्वारा साधारण सभाको वैधानिकताको घोषणा
४. प्रमुख अतिथिज्यूद्वारा पानसमा बत्ती बालेर सभाको समुद्घाटन
५. राष्ट्रिय गान
६. सञ्चालक सदस्य श्री तारा चालिसेज्यूद्वारा स्वागत मन्तव्य
७. उपस्थित महानुभावहरूको सङ्क्षिप्त परिचय
८. महासचिवज्यूद्वारा छलफलका विषयहरूको औपचारिक जानकारी

९. अध्यक्षद्वारा कार्यप्रगति प्रतिवेदन एवं आगामी नीति तथा कार्यक्रमको प्रस्तुति
१०. अध्यक्षको प्रतिवेदनमाथि छलफल, सुझाव तथा निर्णय
११. कोषाध्यक्षद्वारा आर्थिक प्रतिवेदन तथा आगामी वार्षिक बजेटको प्रस्तुति
१२. कोषाध्यक्षको प्रतिवेदनमाथि छलफल, सुझाव तथा निर्णय
१३. महासचिवद्वारा सञ्चालक समितिका पूर्वनिर्णयहरूको अनुमोदन गरियोस् भन्ने प्रस्तावको प्रस्तुति
१४. महासचिवको प्रस्तावमाथि छलफल, सुझाव तथा निर्णय
१५. आ. व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन पारित गरियोस् भन्ने प्रस्तावको प्रस्तुति
१६. लेखापरीक्षण प्रतिवेदनमाथि छलफल तथा निर्णय
१७. आ. व. २०८०/०८१ का लागि लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावको प्रस्तुति
१८. लेखापरीक्षक नियुक्त गर्ने प्रस्तावमाथि छलफल तथा निर्णय
१९. साधारण सभाको निर्णय-पुस्तिका प्रमाणीकरणसम्बन्धी प्रस्तावको प्रस्तुति
२०. निर्णय-पुस्तिका प्रमाणीकरणसम्बन्धी प्रस्तावमाथि छलफल तथा निर्णय

२१. उपस्थित सभासदज्यूहरूद्वारा सङ्क्षिप्त मन्तव्य
२३. प्रमुख अतिथिज्यूको मन्तव्य
२४. महासचिवज्यूद्वारा धन्यवाद ज्ञापन
२५. सभाध्यक्षज्यूद्वारा सभाविसर्जन
२६. बिहानीको खाना तथा सामूहिक फोटो सेसन

❖

CS CamScanner